# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, जेठ १४ गते २०३१ साल [संख्या ७

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कर्णाली अञ्चल अदालत तथा जुम्ला तिब्रीकोट तथा मुगु जिल्ला अदालत भवन र सम्बन्धित न्यायाधीश क्वाटर निर्माणको लागि कर्णाली अञ्चल, जुम्ला जिल्ला अन्तर्गतको देहायको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

जग्गाको विवरण:–

जुम्ला छिना गा.पं. अन्तर्गत पर्ने जल स्रोत तथा जलवायु विज्ञान शाखा जुम्लाको दक्षिणतर्फको खम्बा र अदनसिंह कठायतको खेतदेखि पूर्व, कृषि केन्द्र जुम्लाको ठाडो पर्खाल–देखि पश्चिम, असी छिना गाउँ बस्ने दीपराज विष्टको खेत ढीकदेखि उत्तर, का.मु.शा.अ. कर्णबहादुर शाहीको र गगनबहादुर महतको घरदेखि दक्षिण यति ४ किल्लाभित्रको छिना गा.पं. [illegible] ख.नं.

४०३ को काटीयाँ भन्ने खेत मुरी ।०।१०, आदर्श गा.पं. जुम्ला खलंगा बजार बस्ने का.मु. शा.अ. कर्णबहादुर शाहीको हनरी रोकाया र चन्द्रबहादुरबाट राजीनामा रजिष्ट्रेशन पास भएको भो.नं. ११ ख.नं. १७५ को ठाडा कुला भन्ने खेत मुरी ।१।२।४, तोयबहादुर नगरकोटीबाट राजीनामा रजिष्ट्रेशन पास भएको भो.नं. ११ ख.नं. १७४ को ठाडा ढुंगा भन्ने खेत मुरी ।१।२।४, जुम्ला असी महत गाउँ बस्ने सु. रणबहादुर महतबाट राजीनामा रजिष्ट्रेशन पास भएको र गगनबहादुर महतका घरसारको राजीनामा समेतबमोजिम निजले भोग गरेको भो.नं.११ ख.नं. १६७ को काटीयाँ भन्ने खेत मुरी ।२।५ मध्ये ।१, जुम्ला असी महत गाउँ बस्ने रक्षेबहादुर महतको भो.नं. १५ ख.नं. २३३ को काटीयाँ भन्ने खेत मुरी एक (१), जुम्ला असी छिना गाउँ बस्ने सत्यबहादुर थापाको भो.नं. १५ ख.नं. २५४ को काटीयाँ भन्ने खेत मुरी ।३, जुम्ला असी छिना गाउँ बस्ने नेत्रबहादुर थापाको भो.नं. १५ ख.नं. १५४ को काटीयाँ भन्ने खेत ।३।१०, जुम्ला तिब्रीकोट गैरा गाउँ बस्ने ना.सु. कृष्णराज न्यौपानेको भो.नं. २ ख.नं. ४९ को काटीयाँ भन्ने खेत मुरी ।१ मध्ये ।०।१०, छिना गा.पं. अन्तर्गत छिना गाउँ बस्ने दीपराज विष्टको भो.नं. १४ ख.नं. २११ को र भो.नं. ११ ख.नं. १७० र भो.नं. २ ख.नं. ३३ को काटीयाँ भन्ने खेत ।५।१५, छिना गा.पं. अन्तर्गत असी महत गाउँ बस्ने ना.सु. दुर्गाबहादुर महतको वारेस दलबहादुर महत क्षत्रीको भो.नं. १३ ख.नं. २११ को काटीयाँ भन्ने खेत ।३ को मालपोत रू. ९।२२।२ (नौ रूपियाँ बाईस पैसा दुई दाम) लागेको जम्मा खेत माटो मुरी ।२०।१० (बीस मुरी दस पाथी) को किस्ता - - - - - - - - - -

आज्ञाले-
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।